# *स्व* उपन्यासमा बौद्धदर्शन

अम्बिका अर्याल, पीएच.डी.*

**लेखसार**

प्रस्तुत लेखमा सरस्वती प्रतीक्षाको 'स्व' (२०८१) उपन्यासमा अभिव्यक्त बौद्धदर्शनसम्बन्धी अवधारणाको निरूपण गरिएको छ । बौद्धदर्शन सिद्धार्थ गौतम वा गौतम बुद्धको अवधारणा हो । यो मूलतः निर्वाणलाई जीवनको चरमलक्ष्य मान्ने, नित्य आत्मा नमान्ने, वेदलाई प्रमाण नमान्ने अनिश्वरवादी दर्शन हो । यो मूलतः चार आर्यसत्यमा केन्द्रित छ । यस लेखमा बौद्धदर्शनसँग सम्बद्ध एवम् विश्लेष्य उपन्यास र यससँग सम्बद्ध प्राथमिक तथा द्वितीयक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । बौद्धदर्शनले अघि सारेका सिद्धान्तका सापेक्षमा कृतिको विश्लेषण गरिएको हुँदा यसमा निगमनात्मक पद्धतिको प्रयोग गरिएको छ भने सामग्रीको विश्लेषणका लागि बौद्धदर्शनमा उल्लेख गरिएका चार आर्यसत्य तथा अनित्यवाद, मध्यम मार्ग, पञ्चशील, सन्देह, अनिश्वरवाद र मार्गदर्शन, एवम् निर्वाणसम्बन्धी अवधारणालाई मात्र आधार बनाइएको छ । यही अवधारणाबाट प्रेरित पात्रहरू र तिनले निर्वाणका यात्रामा गरेका विभिन्न किसिमका सङ्घर्ष एवम् ज्ञानलाई मूल रूपमा प्रतीक्षाको उपन्यासमा स्थान दिइएको छ । यसको प्रमुख पात्र सप्तम नै स्वको खोजीमा लागेको छ। विभिन्न उपकथाहरू लिएर आएका सहायक पात्रहरू समेत बुद्धको ज्ञानबाट प्रेरित भई दुःख निवारणका मार्गमा बौद्धमार्गी बन्न पुगेका छन् । स्वको खोजी, दुःखको निवारणको मार्ग तथा निर्वाणको यात्रामा होमिएका पात्रहरूको मानसिकता, व्यवहार एवम् क्रियाकलापका माध्यमबाट बौद्धदर्शनसम्बन्धी अवधारणालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । दुःखको कारक र त्यसबाट बच्ने उपायको खोजीका साथै हरेक व्यक्तिले आफू को हो भन्ने स्वत्वबोधको मार्ग पहिचान्नु आवश्यक रहेको तथ्यलाई यस उपन्यासले मूल विषय बनाएको हुनाले प्रस्तुत उपन्यासमा बौद्धदर्शनसम्बन्धी चिन्तन पाइने निष्कर्ष यस लेखको रहेको छ ।

***शब्दकुञ्जिका :*** अनिर्वचनीय, निर्वाण, मध्यम मार्ग, योगाचार, सम्यक् ।

## विषयपरिचय

*स्व* (२०८१) सरस्वती प्रतीक्षाको दोस्रो उपन्यास हो । यस अघि उनको *नथिया* (२०७४) उपन्यास प्रकाशित भइसकेको छ । यस्तै *यद्यपि प्रश्नहरू, विम्बहरूको कठघरा, बागी सारङ्गी* जस्ता कवितासङ्ग्रह पनि प्रकाशित भइसकेका छन् । उनले बौद्धमार्गप्रतिको प्रेम र स्वको खोजीमा केन्द्रित उनको यस उपन्यासमा गौतम बुद्धको अवधारणालाई मार्गदर्शक ठानिएको छ । दुःख र सङ्घर्षबाट उन्मुक्तिको यात्रामा मात्र नभएर आफूले आफ्नो पहिचानको खोजीमा निस्केका पात्रहरूको प्रमुख भूमिका रहेको यस उपन्यासमा बौद्धमार्गी बन्नमा मिलेको प्रेरणा र त्यसबाट प्राप्त ज्ञानका विषयलाई मूलभूत रूपमा प्रस्तुत गरिएको छ । बुद्धले अघिसारेका चार आर्यसत्यसम्बन्धी अवधारणा र निर्वाणको यात्रामा लाग्नुपर्ने सन्देशलाई उपन्यासले कथ्य विषय बनाएको छ । बुद्धदर्शनलाई प्रस्तुत गर्ने अवधारणा बोकेर नलेखिएको भए पनि बौद्धमार्गलाई पछ्याएर निर्वाणको यात्रामा निस्केका पात्रहरूको उपस्थितिका कारण यस दर्शनबाट प्रेरित उपन्यासका रूपमा यसको अध्ययन गरिनु सान्दर्भिक देखिन्छ । यस विषयमा हालसम्म भएका अध्ययनलाई संक्षेपमा प्रस्तुत गरी यसमा शोधअन्तरालको निरूपण गरिएको छ :

अम्बिका अर्याल (२०८१) ले "बौद्धदर्शनको चास्नीमा *स्व* उपन्यास" शीर्षकको लेखमा *स्व* उपन्यासको विषयवस्तु, भाषाशैली, चरित्र, सन्देश जस्ता पक्षको संक्षिप्त चर्चा गरेकी छन् । उनले बौद्धदर्शनको चास्नीमा प्रेमको कथा घोलिएका उपन्यासका रूपमा *स्व*लाई चिनाएकी छन् । यसमा स्वैरकल्पनामा पुगेको पात्रले बुद्धको ज्ञान, महिमा र मार्गको खोजी गरेको सन्दर्भलाई प्रस्तुत गरी पितृसत्तात्मक समाजमा स्वको खोजीमा हिँड्ने महिलाको उपस्थिति समेत रहेको बताएकी छन् । बौद्धदर्शन घुलिएको सन्दर्भलाई प्रस्तुत गरिएको भए पनि सो उपन्यासमा अभिव्यक्त दार्शनिक पक्षको समग्र अध्ययन यसमा हुन बाँकी नै देखिन्छ । गोपाल सन्जेल (२०८१) ले "सरस्वती प्रतीक्षाको *स्वः* उपन्यास" शीर्षकको लेखमा दर्शन र विचारलाई औपन्यासिक ढाँचामा बुनिएको स्वैरकल्पनात्मक उपन्यासका रूपमा *स्व* उपन्यासको वर्णन गरेका छन् । यसमा पूर्वीय बुद्ध दर्शनलाई काव्यात्मक भाषाशैलीमा प्रस्तुत गरिएको उनको तर्क छ । उनले दुःख छ भन्ने अनुभूत गर्न, दुःखको कारण खोज्न र दुःख निवारण गर्ने मार्ग पहिल्याउन स्वले जबर्जस्त आग्रह गरेको बताए पनि बौद्धदर्शनका मान्यताका आधारमा विस्तृत अध्ययन यसमा हुन बाँकी नै देखिन्छ ।

निर्दोष जीवन (२०८१) ले "*स्व*भित्र आफैँलाई खोज्दा भेटिन्छ जीवन" शीर्षकको लेखमा *स्व* नेपाली साहित्य क्षेत्रमा बलियो उपन्यासका रूपमा देखापरेको बताएका छन् । उनले स्वले विखण्डन हुनै लागेका धेरै परिवारलाई एकफेर गहिरिएर सोच्न बाध्य बनाउने विचार व्यक्त गरेका छन् । रमेश प्रभात (२०८१) ले "*तथागत* र *स्व* कति आख्यान कति बुद्धदर्शन ?" शीर्षकको लेखमा *तथागत* तथा *स्व* उपन्यासको चिनारी प्रस्तुत गर्दै तुलनात्मक टिप्पणी गरेका छन् । उनले प्रतीक्षाको स्व

* उपप्राध्यापक, नेपाली विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, त्रि.वि., E-mail: ambiaryal@gmail.com

उपन्यासमा काव्यात्मक भाषाको प्रयोग गरिएको बताएका छन् । यसमा जीवन, प्रेम, समाज, संस्कार, भोगाइ, नारीका भावना, सम्यक् विद्रोह प्रस्तुत गरिएको उनको दाबी छ । यस उपन्यासमा अभिव्यक्त बुद्धदर्शनका बारेमा मिहिन समीक्षा भने यसमा हुन बाँकी नै देखिन्छ ।

विराट अनुपम (२०८१) ले "सरस्वती प्रतीक्षाको *स्वः* बौद्धदर्शनको आकर्षक आख्यानीकरण" शीर्षकको लेखमा *स्व* उपन्यास दार्शनिक एवम् मनोवैज्ञानिक धारको भएको बताएका छन् । उनले यसमा कविता र कलाको सङ्क्रमण भएको र बुद्धदर्शनको मार्गमा पात्र हिँडेको सन्दर्भको चर्चा गरेको भए पनि यस उपन्यासमा प्रस्तुत दार्शनिक पक्षको विस्तृत अध्ययन बाँकी नै छाडेका छन् । शुभाषचन्द्र पोखेल (२०८१) ले "स्व आफैँ निर्माण हुन्छ या त्यसमा समाजको भूमिका रहन्छ ?" शीर्षकको लेखमा *स्व* उपन्यासका विषय, शिल्प, भाषाजस्ता पक्षको वर्णन गरेका छन् । यसमा उपन्यासकारले बुद्धदर्शनलाई उजागर गरे पनि आध्यात्मिक धारको पर्याप्त व्याख्या र विश्लेषण हुन नसकेको बताएका छन् । उनले यस उपन्यासमा पात्रको शारीरिक तथा संज्ञानात्मक स्वभावका दुई गोलार्द्ध सिर्जना गरेर विरोधाभासमा मान्छेको भाव, स्वभाव र स्ववास्तविकता उत्खनन गर्न खोजेको बताएका छन् । यसरी *स्व* उपन्यासका विषय, भाषाशैली तथा भावका बारेमा सामान्य चर्चापरिचर्चा गरिए पनि बौद्धदर्शनमै केन्द्रित भएर हालसम्म विस्तृत अध्ययन नभएका सन्दर्भमा यो लेख नवीन एवम् मौलिक बन्न पुगेको छ । मूलतः पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरी निगमनात्मक पद्धतिबाट कृतिको विश्लेषण गरिएको यस अध्ययनमा बुद्धदर्शनका चार आर्यसत्य र अनित्यवाद, मध्यम मार्ग, पञ्चशील, सन्देह, अनिश्वरवाद, मार्गदर्शन एवम् निर्वाणसम्बन्धी अवधारणालाई विश्लेषणका ढाँचाका रूपमा लिइएको छ । प्रस्तुत उपन्यासमा केकस्ता बौद्धदर्शनका अवधारणाहरूलाई प्रस्तुत गरिएको छ भन्ने जिज्ञासाको समाधान गर्नु नै यस लेखको उद्देश्य रहेको छ । सिद्धान्तका सापेक्षमा उपन्यासका तथ्यको विश्लेषण गरी सोको निरूपण यसमा गरिएको छ ।

## बौद्धदर्शनको अवधारणा

बौद्धदर्शन आजभन्दा करिब पच्चिस सय वर्षअघि नेपालको लुम्बिनीमा जन्मिएका सिद्धार्थ गौतमको चिन्तनमा आधारित दर्शन हो । पूर्वीय दर्शनका अनुसार हिन्दु र चार्वाक दर्शनको बिचबाट अघि बढ्न खोजेको बौद्धदर्शन नास्तिक दर्शन हो । तत्कालीन समयमा व्याप्त अन्धविश्वास तथा रुढीहरूको विरोधमा यो दर्शन आएको थियो ।विशेषगरी त्यसबेला कर्मकाण्डमा हिंसाको बीभत्स तान्त्रिक साधनको नामले नरबलि दिने र पुरोहितको अहङ्कारका विरुद्धमा अहिंसा, विनय, दया र करुणाजस्ता भाव बोकेर यो दर्शन आएको हो । ई.पू. ५६३ मा जन्मिएका २४औं पुस्ताका शाक्यमुनि बुद्ध वा राजकुमार सिद्धार्थ २९ वर्षको उमेरमा दरबार परित्याग गरी करिब ६ वर्षको तपस्यापछि ३५ वर्षको उमेरमा बोधिज्ञान (चार वटा ज्ञान- पूर्वानुस्मृति, दिव्यचक्षु ज्ञान, प्रतीत्यसमुत्पादक र सर्वज्ञाता) प्राप्त गरेपछि बुद्ध बने (पाण्डे, २०८१) । बुद्धकै ज्ञान तथा उपदेशहरू नै बौद्धदर्शन बन्न पुगेको देखिन्छ । बौद्धदर्शनको चिन्तन दुःख निवृत्तिको मुख्य साधन हो । यस दर्शनले दुःखलाई परिभाषित गर्नुका साथै दुःखका कारणलाई बताएर त्यसबाट मुक्तिको मार्ग खोज्ने प्रयास गर्दछ । यसका अवधारणालाई विभिन्न उपशीर्षकमा यसप्रकार चर्चा गर्न सकिन्छ :

### (क) प्रतीत्यसमुत्पाद

बुद्धको सम्पूर्ण दर्शनको आधार प्रतीत्यसमुत्पाद हो । प्रतीत्य र समुत्पाद गरी दुई शब्दहरूबाट यसको निर्माण भएको छ । प्रतीत्यको अर्थ आश्रित हुनु, अवलम्बित हुनु वा कुनै वस्तुको उपस्थिति भन्ने हुन्छ भने समुत्पादको अर्थ उत्पत्ति, प्रादुर्भाव वा कुनै अन्य वस्तु उत्पन्न हुनु भन्ने हुन्छ । यसले कार्यको उत्पत्ति कारणको अपेक्षाबाट वा कारणमा आश्रित भएर हुने अर्थ बुझाउँछ । संसारका प्रत्येक घटना सकारण हुन्छ र कुनै पनि घटना अकारण घटित हुँदैन भन्ने यसको अभिप्राय हो । प्रतीयत्यसमुत्पाद त्रिपिटकको सबभन्दा महत्त्वपूर्ण सुक्त पिटकमा उल्लेखित पाइन्छ । बुद्ध दर्शनका चार आर्य सत्यमध्ये दोस्रो आर्यसत्य दुःखको खोजको सिद्धान्तलाई प्रतीत्यसमुत्पाद भनिएको छ । प्रतीत्यसमुत्पाद एकप्रकारको सापेक्षतावादी सिद्धान्त हो । बुद्ध दर्शन अनुसार कार्य न त कारणमा विद्यमान हुन्छ र न त त्यसभन्दा भिन्न पृथक् र स्वतन्त्र हुन्छ । कार्य कारणमा निर्भर हुन्छ र कार्य कारण सापेक्ष हुन्छ । त्यसकारण यसलाई सापेक्षकारणतावादी सिद्धान्त पनि भनिन्छ (गिरी, सन् २०२४) । दुःख छ र त्यसको कारण छ भन्ने अवधारणा बुद्धले यसकै प्रभावस्वरूप निर्माण गरेको देखिन्छ ।

### (ख) अनात्मवाद

बौद्धदर्शनको अर्को एक महत्त्वपूर्ण र प्रमुख दार्शनिक सिद्धान्त अनात्मवाद हो । यो यस्तो दार्शनिक पर्खाल हो, जसमा बौद्धदर्शनका सम्पूर्ण आचार-विचारले आश्रय लिएको देखिन्छ । अनात्मवादका बारेमा त्रिपिटकको विनयपिटक र सुक्तपिटकअन्तर्गत दीघनिकाय, मज्जिम निकाय, अंगुतर निकाय र बुद्धचर्यामा उल्लेख गरिएको देखिन्छ । त्यसैगरी धम्मपदमा पनि अनात्मवादबारे प्रकाश पारिएको छ । जुन आत्मा वा मनरहित हुन्छ, जुन आत्मिक हुँदैन वा जुन आत्माबाट भिन्न हुन्छ, त्यसलाई अनात्म भनिन्छ र यही अनात्मले युक्त विचारधारा नै अनात्मवाद हो । यसले आत्माको अस्तित्वलाई मान्दैन । निर्वाणको अवस्थामा मात्रै स्वयंलाई जान्न सकिन्छ । मृत्युपछि आत्मा महासुसुप्तिमा बिलाएर जान्छ । त्यो अनन्तकालसम्म अन्धकारमा रहिरहन सक्छ अथवा त्यसै बखत नै अर्को जन्म लिएर सांसारिक चक्रमा फेरी सहभागी हुन सक्दछ । त्यसैले आत्मा तबसम्म आत्मा हुँदैन जबसम्म बुद्धत्व प्राप्त हुँदैन (जोशी, २०७७) । बुद्धका अनुसार पाँच स्कन्धहरूको अतिरिक्त

अरू कुनै यस्तो तत्त्व छैन, जसलाई आत्मा भन्न सकिन्छ । आत्मा अनित्य छ र यो संवेदन, विचार र अस्थायी भौतिक शरीरको संकलन मात्र हो । आत्मा पाँच स्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान) हरूको समूह हो । रूपभित्र मानव शरीरको आकार, रङ्ग आदि पर्दछन् भने वेदनाअन्तर्गत सुख, दुःख आदिको अनुभूति र संज्ञाअन्तर्गत वस्तुको निश्चित ज्ञान एवम् संस्कारअन्तर्गत पूर्व कर्महरूको कारण उत्पन्न हुने प्रवृत्तिहरू पर्दछन् । विज्ञानभित्र भने चेतना पर्दछ (गिरी, सन् २०२४) । यसरी बौद्धदर्शनअनुसार आत्माको कुनै नित्य सत्ता नै छैन ।

**(ग) क्षणिकवाद वा अनित्यवाद**

बौद्धदर्शनमा क्षणिकवाद वा अनित्यवाद अर्को एक महत्त्वपूर्ण दार्शनिक सिद्धान्त हो । प्रतीत्यसमुत्पाद अनुसार प्रत्येक घटनाको कुनै कारण अवश्य हुन्छ र कारण नष्ट भएपछि कार्यको नाश हुन्छ । यसबाट क्षणिकवादको उदय हुन्छ । क्षणिकवादका अनुसार जसको उत्पत्ति हुन्छ त्यसको अनिवार्य विनाश हुन्छ अर्थात् कुनै पनि वस्तुको अस्तित्व सनातन हुँदैन । कुनै पनि वस्तुको अस्तित्व केही समयसम्म मात्र रहन्छ । जुन चीजलाई हामी भ्रमवश शाश्वत मान्छौं, वास्तवमा कुनै पनि वस्तु शाश्वत छैन । सबै अनित्य, क्षणिक र परिणामी छन् । यसरी प्रत्येक वस्तु क्षण-क्षण बदलिरहने मान्यतामा आधारित यो सिद्धान्तलाई क्षणिकवाद भनिएको हो । बुद्ध दर्शनका अनुसार यो ब्रह्माण्डमा सबै कुरा क्षणिक र नश्वर छ । स्थायी भन्ने कुनै कुरा पनि छैन । सबैथोक परिवर्तनशील छ । यो शरीर र ब्रह्माण्ड पनि त्यस्तै हुन्छ, जसरी घोडा, गद्दी र पाङ्गाको संयुक्त रूपलाई रथ भनिन्छ र यी ३ वटै कुरालाई अलग अलग गर्दा रथको अस्तित्व रहँदैन (जोशी, २०७७) । अनित्यवादको विकसित रूप नै क्षणिकवाद हो । यसअनुसार हरेक वस्तुको अस्तित्व क्षणमात्र हुन्छ ।  विश्व क्षणिकवादकै विकसित रूप हो । विश्वका प्रत्येक वस्तु क्षणभंगुर छन् । यस्तै क्षणिक विज्ञान र क्षणिक परमाणुहरूको प्रवाह वा सन्तानलाई सन्तानवाद भनिएको छ । तर यो विज्ञान र परमाणु मिलेर आफ्नो संघात वा समुच्चय पनि बनाइरहन्छन्, जुन परिमाणको कारण बन्दै र बदलिंदै जान्छन् । यसलाई संघातवाद भनिन्छ ।  सन्तानवाद र संघातवाद क्षणिकवादकै दुई रूप हुन् (गिरी, सन् २०२४) । यसरी बौद्धदर्शनले ब्रह्माण्डमा कुनै पनि वस्तु नित्य र अपरिवर्तनशील छैनन् भन्ने तर्क राख्दछ ।

**(घ) अनिश्वरवाद**

बुद्ध दर्शनको अर्को एक महत्त्वपूर्ण सिद्धान्त अनिश्वरवाद हो । यसलाई त्रिपिटकको सुत्तपिटकमा विशेष रूपमा र त्रिपिटकको सबैतिर विभिन्न उदाहरणसहित बुद्धले स्पष्ट बनाएका छन् । बुद्धले ईश्वरलाई एक कल्पना मात्र हो भनेका छन् । उनले ईश्वरवादको सिद्धान्त सत्यमा आधारित नभएको भन्दै ईश्वरको सत्ताको विरोध गरेका छन् । उनका अनुसार दुनियाँ प्रतीत्यसमुत्पादको नियमबाट संचालित हुन्छ (जोशी, २०७७) । यो संसार परिवर्तनशील र अनित्य छ । त्यसकारण यो नश्वर एवं परिवर्तनशील जगत्लाई ईश्वरको मान्नु असंगत हुन्छ । त्यसैले ईश्वरलाई सृष्टिको स्रष्टा र नियामक मान्नु हास्यास्पद हुन्छ । यो नश्वर एवं परिवर्तनशील जगत्को स्रष्टा नित्य र अपरिवर्तनशील ईश्वरलाई मान्ने कुनै पनि आधार छैन । बुद्धका अनुसार कसैले पनि भ्रमपूर्ण मान्यताहरूमा बाँधिनु हुँदैन । सत्यको खोजमा निरन्तर लागिरहनुपर्दछ (गिरी, सन् २०२४) । ईश्वरमाथि नै अविश्वास वा ईश्वरको सत्ताको विरोधमा बौद्धदर्शन उभिएको छ ।

**(ङ) निर्वाण**

बुद्ध दर्शनमा निर्वाण अर्को महत्त्वपूर्ण दार्शनिक सिद्धान्त हो । बुद्धले आफ्नो तेस्रो आर्यसत्यमा निर्वाणको चर्चा गरेका छन् । उनका अनुसार दुःखको कारण हुने भएकोले यदि दुःखको कारणको अन्त भयो भने दुःखको अन्त पनि अवश्य हुन्छ । कारणको अभावमा कार्यको उत्पत्ति हुँदैन । दुःखको अन्तको अवस्थालाई दुःख निरोध भनिन्छ । बुद्धले यही दुःख निरोधलाई निर्वाण भनेका छन् । बौद्धदर्शनमा निर्वाणलाई नै जीवनको चरम लक्ष्य मानिएको छ । निर्वाणको शाब्दिक अर्थ निभ्नु हो । निर्वाण प्राप्त भएपछि सबै दुःखको अन्त्य हुन्छ अथवा सबै दुःख निष्क्रिय अवस्थामा जान्छन् र तिनीहरूको अनुभव पूर्ण रूपले समाप्त हुन्छ । त्यसकारण निर्वाणलाई एक आनन्ददायक अवस्था मानिएको छ, जसबाट बाँकी जीवन कुनै पनि दुःखको अनुभव नगरीकन शान्तिपूर्वक बित्दछ । यसबाट मृत्युपछि पुनर्जन्मको भय पनि समाप्त हुन्छ । निर्वाण प्राप्त व्यक्तिले पनि कर्म गर्नुपर्दछ तर त्यो कर्म स्वार्थमय नभएर लोककल्याणको लागि हुनुपर्दछ । निर्वाण प्राप्त भएपछि करूणा र दयाले प्रेरित भएर जनकल्याणको लागि स्वयंलाई सक्रिय राख्न सकिन्छ (गिरी, सन् २०२४) । बौद्धदर्शनका अनुसार निर्वाणको स्थिति नै चरम आनन्द र सुखबोध हो ।

**(च) चार आर्यसत्य र आठ मार्ग**

बौद्ध दर्शनले अघि सारेका विभिन्न अवधारणाको आधारशिला उनका चार आर्य सत्यहरू र अष्टांगिक मार्गहरू नै हुन् । बौद्धदर्शनमा उल्लेख गरिएका ४ आर्य सत्यहरू (चतुर आर्यसत्य) यसप्रकार छन् ।

१. संसारमा दुःख छ : जरामरण, शोक, विछोड आदिका कारण यस संसारमा दुःख छ र दुःखबाट कोही पनि अछुतो छैन ।
२. दुःखका कारणहरू छन् : दुःखका कारणलाई काम, भव र विभव भनी वर्गीकरण गरिएको छ । काम भन्नाले–मिठो खाने, भव भन्नाले–फेरि जन्म लिने र विभव भन्नाले–धन सम्पत्ति तृष्णाका कारण आर्जन गर्ने जस्ता कुराहरू नै दुःखका कारण हुन् । यही विभव कारणलाई नै प्रतीत्यसमुत्पादक/कार्य कारण सिद्धान्त भनिन्छ ।

३. दुःख नाश गर्न सकिन्छ : यसका लागि तृष्णालाई स्थान नै नदिएर दुःख हटाउन सकिन्छ भन्ने यस दर्शनको मूलभाव रहेको पाइन्छ ।
४. दुःख निवारण गर्ने उपायहरू छन् : अष्टाङ्ग मार्गमार्फत दुःखलाई निवारण गर्न पनि सकिन्छ भन्नु यस दर्शनको अर्को सिद्धान्त हो । (पाण्डे, २०८१)

बौद्ध धर्मका अनुसार दुःख निवारण गर्ने ८ मार्ग वा आर्य अष्टांग मार्गहरू यसप्रकार छन्-

१. सम्यक् दृष्टि : सबै बस्तुको वास्तविकता बुझ्नु
२. सम्यक् सङ्कल्प : अशुभ काम नगर्नु र परोपकारको भावना राख्नु
३. सम्यक् वाक् : सत्य र प्रिय वचन बोल्नु
४. सम्यक् कर्मान्त : हिंसा, चोरीजस्ता नराम्रा कामहरूको त्याग गरेर राम्रा-राम्रा कामहरू गर्नु
५. सम्यक् आजीविका : जीवननिर्वाहका लागि इमान्दारीपूर्वक काम गर्नु
६. सम्यक् व्यायाम : मनस्थितिलाई शुद्ध राख्नु
७. सम्यक् स्मृति : शरीरको क्षणभङ्गुरतालाई बुझेर म र मेरो भन्ने भावनाबाट माथि उठ्नु
८. सम्यक् समाधि : चार आर्यसत्यको मनन र आर्यसत्यमा श्रद्धा, आनन्द एवं शान्तिको चेतनाप्रति उदासीनता र शारीरिक एवं मानसिक सन्तुष्टिको अभावावस्था (गिरी, २०५५, पृ. ८२)

यसरी बौद्ध दर्शनले चार आर्य सत्य र आठ मार्गहरूका आधारशिलामा निर्मित प्रतीत्यसमुत्पाद, अनात्मवाद, अनिश्वरवाद, अनित्यवाद तथा क्षणिकवादजस्ता अवधारणाको विकास गरेको छ । बौद्धदर्शनसँग सम्बद्ध आर्यसत्य, अनित्यवाद, मध्यम मार्ग, पञ्चशील, सन्देह, अनिश्वरवाद र मार्गदर्शन, एवम् निर्वाणसम्बन्धी अवधारणालाई विश्लेषणका ढाँचाका रूपमा अवलम्बन गरी प्रतीक्षाको *स्व* उपन्यासमा प्रस्तुत बौद्धदर्शनसम्बन्धी मान्यताको निरूपण यसमा गरिएको छ ।

## *स्व* उपन्यासमा बौद्धदर्शनको अध्ययन

सरस्वती प्रतीक्षाको *स्व* उपन्यासमा पात्रले आफैँसँग प्रश्न गर्दै स्वको खोजीमा निस्केको सन्दर्भलाई नै मूल विषयवस्तु बनाइएको छ । अनित्य, अनात्म, अनिश्वरवादमा विश्वास गर्ने बौद्धदर्शनले पनि मानिस निर्वाणको यात्रामा लाग्नुपर्ने र त्यसका लागि दुःखका कारण तथा त्यसका निवारणका उपायहरूको निदान जरुरी भएको मान्यता राख्दछ । तसर्थ प्रतीक्षाका *स्व* उपन्यासमा बौद्धदर्शनका यिनै अवधारणाहरू केकसरी प्रस्तुत भएका छन् भन्ने तथ्यको निरूपण अलगअलग उपशीर्षक यसप्रकार गरिएको छ :

### (क) आर्यसत्य

बौद्धदर्शनमा अभिव्यक्त चार आर्यसत्यलाई प्रतीक्षाको *स्व* उपन्यासमा पनि उल्लेख गरिएको छ । संसारमा दुःख छ, दुःखको कारण छ, दुःख नाश गर्न सकिन्छ र दुःख निवारणका उपाय छन् भन्ने यी चार सत्यलाई यस उपन्यासको पात्र सिद्धार्थको आमाका कथनमार्फत यसप्रकार प्रस्तुत गरिएको छ :

> "तिमीलाई मैले मेरो कोखबाट जन्म दिएँ । जुन दिन तिमीले आफ्नो बाको हात काटेर मलाई उपहार दियौ, त्यो उपहारले मलाई दोस्रो जन्म दियो । गौतम बुद्धका चार आर्यसत्यले भन्छ : जीवनमा दुःख छ, दुःखको कारण छ, दुःखको निवारण छ, दुःख निवारणको मार्ग छ । व्यावहारिक रूपमै जीवनमा दुःख छ र दुःखका कारणहरू छन् भन्ने बोध थियो मलाई । व्यावहारिक रूपमै तिमीले दुःखको निवारण छ र दुःख निवारणका उपायहरू छन् भनेर सिकायौ । बोधिज्ञान सधैँ अहिंसाको सरल बाटो भएर आउँदैन रहेछ, कहिलेकाहीँ हिंसाको जटिल बाटो भएर पनि आउँदो रहेछ । (पृ. १६९)

सिद्धार्थको आमाको प्रस्तुत कथनले उनमा बुद्धका चार आर्यसत्यको ज्ञान भएको सन्दर्भलाई प्रस्ट पार्दछ । यस्तै सिद्धान्तका रूपमा जानेको बौद्धदर्शनलाई व्यावहारिक रूपमै हात पारेको उनको ठम्याइ छ । यस्तै दुःख रहेछन् र दुःख निवारणका उपाय पनि रहेछन् भन्ने बोध भएको उनको कथन छ । यसले बोधिज्ञान कहिलकाहीँ हिंसाकै जटिल बाटो भएर पनि आउने फरक दृष्टिकोणसमेत प्रस्तुत गरेको छ । तसर्थ यस उपन्यासमा बौद्धदर्शनप्रतिको सचेतता एवम् प्रभाव देखिन्छ ।

### (ख) अनित्यवाद

बौद्धदर्शनमा अनित्यवादी अवधारणा पाइन्छ । यसले कुनै पनि वस्तु शाश्वत नभएर अनित्य, क्षणिक र परिणामी भएको मान्छ । सोही अवधारणालाई प्रतीक्षाको *स्व* उपन्यासमा प्रमुख नारीपात्र काव्याका कथनमार्फत यसप्रकार प्रस्तुत गरिएको छ :

> आजभन्दा पच्चिस सय वर्षअगाडि नै बुद्धले अनित्यताको कुरा उठाएर मृत्युको पाठ सिकाएकै हुन् । वास्तविक बौद्धमार्गीले हरदिन आफूलाई मृत्यु र अनित्यताका बारेमा स्मरण गराएकै हुन्छ । अनित्यताका दुई स्तर छन्, स्थूल

> र सूक्ष्म । स्थूल स्तरको अनित्यताले सबै निर्मित चिजको एक दिन अन्त्य हुनेछ भन्ने मान्छ । सूक्ष्म स्तरको अनित्यताले सबै चिज हरेक क्षण परिवर्तनशील छन् भन्ने मान्छ । (पृ. ८१)

काव्याको प्रस्तुत कथनले बुद्धले अघि सारेको अनित्यवादी मान्यताका आधारमा मृत्युसम्बन्धी चिन्तनलाई प्रस्ट पारेको छ। यसमा अनित्यताको स्थूल र सूक्ष्म गरी दुई स्तरको समेत चर्चा गरिएको छ। यसरी यस उपन्यासमा पात्रका दृष्टिकोणका माध्यमबाट समेत बौद्धदर्शनको प्रभावलाई प्रस्तुत गरिएको छ।

देशनाको दोस्रो दिन यस उपन्यासमा मादीकिनारले सुनाएको आत्मकथामा बौद्धदर्शनको अनित्यवादी अवधारणालाई प्रस्तुत गरिएको छ। ऊ भन्छ :

> बुद्धको देशमा जन्मेको हुनाले बुद्धको अनित्यको दर्शनबारेमा अलिअलि त सुनेकै थिएँ। अनित्यको दर्शनले उत्पत्ति र विनाशको क्रमलाई सम्बोधन गर्छ। संसारको हरचिज क्षणभङ्गुर छ भन्छन्। चाहे भौतिक होस् वा अभौतिक, हरेक कुरा परिवर्तनशील छन्। हरेक क्षण, हरेक पल परिवर्तन भइरहेको छ। स्थायी शब्दबाहेक कुनै पनि कुरा स्थायी छैन। बुद्धको अनित्यको दर्शनले आज जे छ, त्यो भोलि रहँदैन भन्ने बताउँछ। (पृ. १८२)

बुद्धको अनित्यवादी दर्शनले नाशवान्, मरणशील, परिवर्तनशील, क्षणभङ्गुर आदि पक्षलाई बुझाउने रहेछ भन्ने मादीकिनारलाई जानकारी छ। उसले बुद्धको यसै ज्ञानबाट प्रेरित भएको सन्दर्भलाई प्रस्तुत गर्दै स्थायी भन्ने कुरा केही नभएको बताउँछ। यस्तै ऊ भन्छ : “जसरी सुख अनित्य थियो, दुःख पनि अनित्य थियो। म आज दुःखबाट कसरी निस्कें भनेर धेरैलाई आफ्नो कथा सुनाउँदै हिँड्छु। अनित्यताको यो बोध कुनै किताब पढेर भन्दा पनि आफ्नै अनुभवले दिलायो मलाई। बुद्ध स्वयम्ले पनि अनुभवलाई सबैभन्दा माथि राख जो भनेका छन्” (पृ. १८३)। उसको यस कथनले पनि बौद्धदर्शनको अनित्यतासम्बन्धी अवधारणालाई प्रस्ट पारेको छ। यसरी यस उपन्यासमा बौद्धदर्शनसम्बन्धी अवधारणा मादीकिनार नामको पात्रको विचारका माध्यमबाट पनि प्रस्तुत भएको देखिन्छ।

**(ग) मध्यम मार्ग**

बौद्धदर्शनमा अतिवादबाट निस्कनका लागि मध्यम मार्ग रोज्नुपर्ने विचार अघि सारिएको छ। यसले सुख र दुःखका दलदलबाट माथि उठाउने गर्दछ। प्रतीक्षाको स्व उपन्यासमा पनि बौद्धदर्शनको मध्यम मार्गसम्बन्धी अवधारणालाई बुझेको पात्रका रूपमा सुन्दरलालको उपस्थिति भएको छ। उसले खसी काट्ने बाबुको पेसामा सहभागी हुँदाहुँदै रगतमा बानी परेको र मान्छेको रगतको मोहमा डुबेको सन्दर्भलाई भुल्न अतिवादी मार्गबाट मध्यममार्गी हुनुपर्ने तथ्यबोध गरेको छ। ऊ भन्छ :

> वास्तविक जीवनको खुसी र सन्तुष्टि त गौतम बुद्धले भन्ने गरेको मध्यम पथमा पो रहेछ। न कुनै कुरा एकदम धेरै, न कुनै कुरा एकदम कम। आज म बुद्धले देखाएको त्यही मध्यम पथमा छु। ... जीवनमा मध्यम पथमा हिँडिसकेपछि चरम दुःख वा चरम सुखको वशीभूतबाट निस्कँदो रहेछ मान्छे। यो मार्ग बहुतै सुन्दर छ, जस्तो कि यो जीवन सुन्दर छ। यो नीलो आकाश वा हरिया रूखहरू सुन्दर छन्। यो मन्द बहने हावाको हर छुवाइ सुन्दर छ। मध्यम मार्गमा जीवनको हर पहलू सुन्दर छ। (पृ. १९४)

सुख र दुःखको चरमताबाट बाहिर निस्कन बुद्धको मध्यम पथमा हिँड्नुपर्ने विचारलाई सुन्दरलालले यसमा प्रस्तुत गरेको छ। ऊसले आफू यही पथमा हिँडेपछि जीवन सुन्दर भएको पाएको छ। जीवनका सुन्दर चीजहरूलाई महसुस गराउन पनि मध्यम मार्गले सिकाएको उसको दाबी छ। यसरी अतिवादिताबाट छुटकारा पाउनका लागि बुद्धले भनेजस्तै मध्यम मार्गमा हिँड्नुपर्ने विचारका माध्यमबाट यस उपन्यासमा बौद्धदर्शनसम्बन्धी अवधारणालाई प्रस्तुत गरिएको छ।

**(घ) पञ्चशील**

बौद्धदर्शनमा पञ्चशीलको अवधारणा पाइन्छ। प्राणी हिंसाबाट टाढा रहने, झुठो नबोल्ने, चोरी नगर्ने, व्यभिचार नगर्ने, मध्यपान नगर्ने जस्ता पाँच वटा शील वा राम्रो आचरण नै पञ्चशील हुन्। यी मध्ये व्यभिचारका सम्बन्धमा बुद्धले अगाडि सारेको धारणामा समयअनुसार परिमार्जन आवश्यक भएको कुरालाई नारीपात्र अँधेरीका विचारका माध्यमबाट यस उपन्यासमा प्रस्तुत गरिएको छ। ऊ भन्छे :

> घृणा गर्नेहरूले कहिल्यै घृणाको मूल्य चुकाउनु नपर्ने। समाज भाँड्नेहरू कहिल्यै समाज विग्रहको मूल्य चुकाउनु नपर्ने। आफू खुसी हुन र अरूलाई खुसी दिन प्रेम गर्ने प्रेमीहरूले कहिलेसम्म प्रेमको मूल्य चुकाइरहनुपर्ने ? बुद्ध बाँचिरहेका भए स्वयम् बुद्धले पनि आफ्नो पञ्चशीलको अवधारणामा पुनर्लेखन गर्थे होलान् पक्कै। बुद्धको पञ्चशीलमा व्यभिचारको परिभाषा नयाँ ढङ्गले लेखिन जरुरी छ। (पृ. २१०)

परपुरुषसँग प्रेम गर्दा व्यभिचारीको आरोप लाग्ने सन्दर्भको विरोध गरिएको अँधेरीको प्रस्तुत कथनमा पञ्चशीलको अवधारणामा परिमार्जनको अपेक्षा गरिएको छ। यसले निस्वार्थ प्रेममा मूल्य चुकाउनुपरेको गुनासोका माध्यमबाट बौद्धदर्शनले अघि सारेको व्यभिचारीको परिभाषामाथि नै प्रश्न उठाएको छ। यसरी बौद्धदर्शनका अवधारणाका बारेमा तर्कवितर्क गर्न सक्ने पात्रको उपस्थितिमार्फत बौद्धदर्शनलाई यस उपन्यासमा स्थान दिइएको छ।

**(ङ) सन्देह**

बौद्धदर्शनले सत्य र नित्यमाथि संशय गर्दछ । यसले अन्तिम सत्य यही हो भन्ने मान्दैन । हरेक वस्तु परिवर्तनशील छ भन्ने धारणाबाट प्रेरित बौद्धदर्शनको छाप स्व उपन्यासमा पनि परेको छ । यस उपन्यासमा आफू, आफ्नो पहिचान र कथित सत्यमाथि प्रश्न चिह्न उठाइनुपर्ने भावलाई प्रस्तुत गरिएको छ ।

*स्व* उपन्यासको प्रमुख पात्र सप्तममा आफ्नो परिचयप्रति जागृत संशय भावलाई समाख्याता र उसको कथनमार्फत यसरी व्यक्त गरिएको छ : “बाहिरी परिचय नै परिचयका बिचमा भित्र अपरिचयको पीडा कस्तो डरलाग्दो । पहिलोपटक उसले इमान्दारीपूर्वक आफूले आफैँलाई प्रश्न गऱ्यो, “वास्तवमा म को हुँ ? म केका लागि हुँ ? मेरो वास्तविक परिचय के हो ? मेरो पहिचान के हो ?” (पृ. १४) । लेखक, प्राध्यापक, वकिल, व्यापारी आदिको पहिचानले अरूले चिन्दै आए पनि आफैँले आफैँलाई चिन्न नसकेको र आफ्नो पहिचानप्रति संशय भाव पैदा भएको सन्दर्भलाई उपन्यासको यस तथ्यले प्रस्ट पारेको छ । सप्तमले वास्तवमा आफू को हो र केका लागि धरतीमा जन्म भएको हो भन्ने भाव अभिव्यक्त गर्नु बौद्धदर्शनले वास्तविक ठानिएका असत्यमाथि संशय गर्न प्रेरित गर्नुसँग समान देखिन्छ । तसर्थ यसमा बौद्धदर्शनमा झैँ संशयको भाव प्रस्तुत भएको पाइन्छ ।

सप्तमलाई अपरिचित शुभचिन्तकले पठाएको पत्रले समेत पहिचानप्रति संशय गर्न प्रेरणा दिएको छ । हरियो अक्षरमा लेखिएको उक्त पत्रमा बुद्धको देशमा जन्मिएर सन्देह र प्रश्न नगरी विश्वास गर्न नहुने विचार यसप्रकार प्रस्तुत गरिएको छ :

> बुद्धको देशमा जन्मेका छौ । बुद्धको विशेषता यो हो कि उनी हरेक कुरामा प्रश्न गर र सन्देह गर भन्छन् । सत्यलाई सत्य हो भनेर स्वीकार्न पनि पहिले परीक्षण गर अनि मात्र विश्वास गर भन्छन् । आजभन्दा पच्चिस सय वर्षअगाडि नै बुद्धले प्रश्न गर भनेर सिकाए । तिमी बुद्धकै देशमा जन्मेर पनि अरूले तिमी यौ हौ भनिदिएको भरमा कसरी भुलेर बस्न सक्छौ ? (पृ. १८)

शुभचिन्तकको यस कथनले बुद्ध जन्मेको देशमा बुद्धकै दर्शनलाई वेवास्ता गर्ने परिपाटीप्रति पनि व्यङ्ग्य गरेको छ । साथमा सत्यलाई सत्य हो भन्ने विश्वास गर्नका लागि पहिले परीक्षण गर्नुपर्ने बौद्धदर्शन यहाँ प्रस्तुत गरिएको छ । आफूलाई अरूले दिएका अनेक पहिचान र उपमालाई नै सत्य ठानेर नबसी आफैँले आफ्नो पहिचानबोध गर्नु जरुरी भएको दार्शनिक विचार यसमा अभिव्यक्त भएको हुनाले बौद्धदर्शनसँग यो कथन मिल्दोजुल्दो देखिन्छ ।

यस्तै शुभचिन्तकमार्फत उठाइएका डब्ल्युएच प्रश्नहरूमार्फत पनि सप्तमलाई पहिचानको खोजीतर्फको यात्रामा निस्कन बारम्बार प्रेरित गरिरहेको छ । यसमा गरिएको “तिमी को हौ ? कहाँ छौ ? किन हौ ?, कहिले हौ ?, तिमीलाई कस्तो छ ?, तिमी के हौ ?, कसका हौ ?, कुनचाहिँ हौ ? कोसित छौ ?” (पृ. ८८) जस्ता प्रश्नले बौद्धदर्शनले सिकाएको प्रश्न गर्ने र संशय गर्ने मार्गतर्फ खिचिरहेको छ ।

पहिचानको खोजीका लागि यात्रामा निस्कन तत्पर सप्तम भन्छ :

> अब म बुद्धसित जोडिएका ती सबै ठाउँमा जान्छु र स्वयम्ले स्वयम्को मनको शुद्धीकरण गर्छु । सबथोक भएर पनि म किन खुसी हुन सकिरहेको छैन भन्ने प्रश्नको जवाफ पत्ता लगाउँछु । म किन खण्डखण्डमा बाँचिरहेछु, समग्रमा मेरो सग्लो पहिचान के हो ? सोचाइको भित्री तहसम्म पुगेर सब खोतलखातल गर्छु (पृ. ११४) ।

उसको यस कथनले पनि बुद्धदर्शनप्रतिको प्रेरणा र स्वको खोजीतर्फको प्रतिबद्धतालाई प्रस्ट पारेको छ । यसरी मनको शुद्धीकरणबाट विकारहरू हटाएर निर्वाणको यात्रामा पुगिन्छ भन्ने बौद्धदर्शनको चेतनाबाट सप्तम अभिप्रेरित बनेको छ ।

प्रस्तुत उपन्यासमा सुशीलादेवीले नारीका कथित भूमिका र पहिचानप्रति संशय गर्नुपर्ने विचार प्रकट गरेकी छन् । उनले बुद्धकै विचारसँग सहमत हुँदै आफूले हरेक कुरामा सन्देह गर्न सक्नुपर्ने र आफैँ निर्णय लिन सक्नुपर्ने भाव यसरी प्रस्तुत गरेकी छन् :

> बुद्धले जीवनभर भनिरहे, “हर कुरामा सन्देह गर ।” ...पहिलोपटक आफ्नै मनले भनेको सुनेँ र सबका सामु आफ्नो एक्लो निर्णय सुनाएँ, “अब म घर छाडेर जाँदैछु । यो भरिभराउपूर्ण यान्त्रिक दुनियाँमा बाँचिरहँदा म सधैँ भित्रभित्रै खालीपनको शिकार भइरहेँ । साराका सारा रहरहरू मारेर देवी भई बाँच्नुभन्दा अब म रहरसहितको मान्छेको जीवन बाँच्छु । आफ्नो जीवनको मालिक आफैँ भएर बाँकीको जीवन हाँक्छु । (पृ. २२६)

आफ्नो जीवनमाथि पनि अर्काकै नियन्त्रण र हालीमुहाली भइरहेको अवस्थामा नारीको कर्म नै यही हो भनेर सहेर बस्नुभन्दा पहिचान र भूमिकामाथि संशय गर्दै सुशीलाले लिएको निर्णय बौद्धदर्शनबाटै प्रेरित छ । यसमा उनले कथित देवी भएर बाँच्नुभन्दा मान्छे भएर जिउने निर्णय गर्नु भ्रामक जीवनबाट माथि उठेर वास्तविकताको बोध हुनु हो । यसमा प्रस्तुत भएको संशयले नै नयाँ मार्ग पहिल्याउन सहयोग पुग्ने विचार पनि बौद्धदर्शनको अवधारणा हो ।

यस्तै सुशीलाले समाजले नारीका लागि बनाएको संस्कारमाथि सन्देह गरेर नयाँ ज्ञान पत्ता लागेको बताएकी छन् । “जुन दिन एउटी स्वास्नीमान्छेले आफ्ना निम्ति समाजले बनाइदिएका हरेक छविचित्रमा सन्देह गरेर प्रश्न गर्न सुरु गर्छे, त्यही

दिनबाट बल्ल ऊ कथित देवीबाट मान्छे बन्छे । अहिले म निर्धक्क भन्न सक्छु, "सन्देहले मलाई पहिले मान्छे अनि बल्ल स्वास्नीमान्छे बन्न सिकायो" (पृ. २२६) भन्ने सुशीलाको कथनले सोही कुराको पुष्टि गरेको छ। यसमा नारीले कथित देवीको भ्रममा जीवन जिएर दुःखको सागरमा हेलिएको र त्यसबाट बाहिर निस्कन सन्देहले सहयोग गरेको विचार प्रस्तुत भएको छ। सन्देहबाट प्राप्त ज्ञानले कथित देवीबाट मान्छे हुँदै स्वास्नीमान्छे बन्न सिकाएको सन्दर्भ यसमा पाइन्छ। यसरी सन्देहबाट वास्तविक ज्ञानको तहमा पुगिने विचारलाई प्रस्तुत गरिएको हुनाले यो उपन्यास बौद्धदर्शनबाट प्रेरित देखिन्छ।

**(च) अनिश्वरवाद र मार्गदर्शन**

बौद्धदर्शनले अघि सारेको अनिश्वरवादी अवधारणालाई *स्व* उपन्यासमा पनि प्रस्तुत गरिएको छ। यस उपन्यासमा सप्तमको शुभचिन्तकले हरिया अक्षरमा लेखेको पत्रले आफू नै आफ्नो भगवान् भनको तथ्यलाई उजागर गरेको छ। पत्रमा लेखिएको छ :

> तिम्रो बेखुसीको निर्माणकर्ता पनि तिमी आफैँ हौ, पालनकर्ता पनि तिमी आफैँ हौ र संहारकर्ता पनि तिमी आफैँ हौ। तिम्रो बेखुसी तिमीद्वारा निर्मित एक ब्रह्माण्ड हो, जसको ब्रह्मा, विष्णु, महेश्वर सबै स्वयम् तिमी आफैँ हौ। यो यात्रा तिमीले आफैँभित्रबाट सुरु गर। (पृ. १२१)

उपन्यासको यस कथनले अदृश्य शक्तिका रूपमा भगवान्लाई मान्ने संस्कारप्रति औँला उठाएको छ। आफैँभित्र अन्तर्निहीत भगवान्मा विश्वास गर्न र बाह्य शक्तिको भ्रमबाट मुक्त हुन पनि यसले मार्गदर्शन गरेको छ। यस किसिमको विचार बौद्धदर्शनको अनिश्वरवादी अवधारणा हो।

दृष्टिविहीनहरूमाथि समाजले गर्ने दुर्व्यवहार र बुद्धको 'अप्प दीपो भवः' वा आफ्नो उज्यालो आफैँ बन भन्ने धारणासँग असन्तुष्ट नेत्रप्रसादमा बुद्धदर्शनको सही ज्ञान मिलेपछि आएको परिवर्तनलाई यस उपन्यासमा समेटिएको छ। सही ज्ञान नहुँदा वा हचुवाका भरमा अर्थ लगाउँदा मनमा उब्जिएका अशान्त भाव र असन्तुष्टि एवम् रिसलाई नेत्रप्रसादकै शब्दमा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> ...बोधानन्द नामक भिक्षुले बुद्ध वचन 'अप्प दीपो भवः' का बारेमा लामो देशना दिए। उक्त देशनाचाहिँ मैले ध्यान दिएर पूरै सुनेर बसेँ।... बुद्धले आफ्नो उज्यालो आफैँ बन भन्नुभएछ तर जीवनभर कहिल्यै उज्यालो देख्दै नदेखेको, उज्यालो कस्तो हुन्छ भनेर थाहै नपाएको मजस्तो आँखा नदेख्ने मान्छेले कसरी आफ्नो उज्यालो आफैँ बन्ने ? ( पृ. २३६)

बोधानन्द नामक भिक्षुको देशनामा सुनेको बुद्धको 'अप्प दीपो भवः' को भाव आफ्नै तरिकाले बुझेको नेत्रप्रसादमा नेत्रविहीनले कसरी आफैँ आफ्नो उज्यालो बन्न सक्छ भन्ने संशय पैदा भएको सन्दर्भलाई यसमा समेटिएको छ। यो उज्यालो बाहिरी उज्यालो होइन भन्दै भिक्षु बोधानन्दले उसलाई सम्झाउँदै भने : "बुद्धले जुन चक्षुको कुरा गर्नुभएको छ त्यो त अन्तर्चक्षु हो" (पृ. २४५)। यसबाट चक्षुको अर्थ प्रस्ट भएपछि भने नेत्रप्रसादमा परिवर्तन आएको छ। उसले बुद्धसँग माफी माग्दै 'अप्प दीपो भवः' को मन्त्रलाई बारम्बार जपिरहन थालेको छ। यसरी नेत्रप्रसादमार्फत यस उपन्यासमा बौद्धदर्शनसम्बन्धी सही मार्गदर्शन र बोधले जीवन परिवर्तन गरिदिने विचारलाई प्रस्तुत गरिएको छ।

**(छ) निर्वाण**

बौद्धदर्शनमा निर्वाणका तह पुगेपछि मान्छे जन्ममरणचक्रबाट मुक्त हुने र शेष जीवन शान्तिपूर्वक व्यतीत हुने मान्यता पाइन्छ। यसले दुःखको पूर्णतया नाशको अवस्थालाई निर्वाण मानेको छ। प्रतीक्षाको स्व उपन्यासमा पनि स्वको खोजीको यात्रा दुःखको नाश वा निर्वाणमा पुग्नका लागि हो। यस उपन्यासको नायक सप्तम, सहायक पात्रहरू सिद्धार्थ, सन्तलाल, अँधेरी, नेत्रप्रसाद, छिरिङ आदिको यात्रा निर्वाणकै यात्रा हो।

निर्वाणमा पुग्नका लागि भूलभुलैयाबाट मुक्तिको मार्ग रोज्नु जरुरी भएको सन्दर्भलाई उपन्यासमा प्रस्तुत गरिएको छ। बौद्धदर्शनले देखाएका अनित्य, अनिश्वर, सन्देह वा प्रश्न, आर्यसत्य बोध, पञ्चशीलको ज्ञान आदिबाट निर्वाणमा पुग्न सकिने सन्दर्भ पनि यस उपन्यासमा मूलकथा तथा उपकथाका माध्यमबाट व्यक्त भएका छन्। यस उपन्यासमा गन्धकुटीमा बौद्धमार्गीहरूका अनुभव र विचार सुनेपछि सप्तमका विचारमा परिवर्तन आएको छ। ऊ बोधको एउटा अर्को तहमा उक्लिएको अनुभूति गर्दैछ। उसले बाहिरको ब्रह्माण्ड जति विशाल छ, मनभित्रको ब्रह्माण्डमा तीभन्दा बढी रहस्यहरू रहेछन् भन्ने अनुभूत गरेको छ। ऊ भन्छ :

> बाहिरको ब्रह्माण्डमा जति जटिलताहरू छन्, मनभित्रको ब्रह्माण्डमा तीभन्दा बढी जटिलताहरू रहेछन्। बाहिरको ब्रह्माण्डमा जति सुन्दरताहरू छन्, मनभित्रको ब्रह्माण्डमा तीभन्दा बढी सुन्दरताहरू रहेछन्। बाहिरको ब्रह्माण्ड कसको नियन्त्रणमा छ ? त्यसको जवाफ विज्ञानले अझै पत्ता लगाइसकेको छैन। मनभित्रको ब्रह्माण्डलाई चाहिँ अध्यात्मले नियन्त्रण गर्न सकिन्छ। बुद्धले पच्चिस सय वर्षअगाडि नै देखाएको बाटो अध्यात्मको त्यस्तै एउटा बाटो हो। अध्यात्मका अरू पनि थुप्रै बाटाहरू छन्। (पृ. २६३)

सप्तममा बाह्य संसार र मनको संसारबिचको साम्यवैषम्य छुट्याउने जमर्को गरेको छ । तर ब्रह्माण्ड, विज्ञान र अध्यात्मसम्बन्धी ज्ञान अपुरै रहेको निष्कर्षमा पुगेको छ । यसकै खोजीका लागि बौद्धदर्शनले अध्यामको एउटा बाटो समातेको उसको निष्कर्ष छ । यसको थप अध्ययनका लागि ऊ बौद्धमार्गी बनेर निरन्तरको यात्रामा लाग्ने निर्णयसहित हिँड्न सुरु गरेको छ । यसरी बौद्धदर्शनसम्बन्धी विभिन्न अवधारणालाई यस उपन्यासमा समेटिएको छ ।

**निष्कर्ष**

सरस्वती प्रतीक्षाको दोस्रो उपन्यास *स्व* मा बौद्धदर्शनसम्बन्धी अवधारणाहरू पाइन्छन् । यस उपन्यासमा नायक सप्तम बहुल आयामभित्र हराइरहेको आफ्नो स्वको खोजीमा निरन्तर लागिरहेको देखाइएको छ । अरूले बनाइदिएका परिभाषा र पहिचानमा आफ्नो अस्तित्व नभेटेपछि अपरिचित शुभचिन्तक वा आफैंभित्रको अर्को मस्तिष्कबाट बुद्धमार्गी बन्ने प्रेरणा लिएर यात्रामा निस्किएको प्रमुख पात्रको सिकाइका माध्यमबाट बौद्धदर्शनसम्बन्धी अवधारणालाई यसमा प्रस्तुत गरिएको छ । यस्तै स्वैरकल्पनामा पुगेरै भए पनि बुद्धमार्गीहरूका आत्मकथा सुनेर नायकले अनित्यवाद, अनिश्वरवाद, मध्यम मार्ग, पञ्चशील, संशय वा प्रश्न तथा निर्वाणजस्ता बौद्धदर्शनसम्बन्धी विभिन्न ज्ञानहरू बटुलेको सन्दर्भलाई पनि उपन्यासमा प्रस्तुत गरिएको छ । संसारमा निश्चित सत्य नभएको, ईश्वरको अस्तित्व नरहेको, अतिवादिताबाट मध्यमार्गमा प्रवेश गरेपछि मात्र सुख मिल्ने, भ्रममाथि प्रश्न गरेर वास्तविक तथ्यको खोजीमा लाग्नुपर्ने, अध्यात्म र विज्ञानको सन्तुलन हुनुपर्ने तथ्यलाई यस उपन्यासले उजागर गरेको छ । साथै यस उपन्यासले जीवनभोगाइका अनेक दुःखका कारणको पहिचान गरी त्यसबाट निर्वाणको यात्रातर्फ लाग्न अभिप्रेरित गरेको छ । यस किसिमका विचारहरू बुद्धले अघिसारेका बौद्धदर्शनसँग मिल्दाजुल्दा भएकाले यस उपन्यासमा बौद्धदर्शनसम्बन्धी अवधारणा सशक्त बनेको पाइन्छ । यसमा आएका चिन्तन बौद्धदर्शनलाई प्रस्तुत गर्ने अभिप्रायले मात्र नआएर कथाभित्र अन्तर्घुलित भई आएको हुनाले कलात्मक बनेको छ । यसले उपन्यासलाई गहन एवम् सशक्त बनाएको छ ।

**सन्दर्भसूची**


अर्याल, अम्बिका (२०८१), “बौद्धदर्शनको चास्नीमा *स्व* उपन्यास”, रातोपाटी, https://www.ratopati.com, हेरेको मिति २०८१ असार ५ ।

गिरी, नारायण (सन् २०२४), “दर्शन : पूर्वीय दर्शन- बौद्ध दार्शनिक सिद्धान्त”, https://narayangiri.wordpress.com, हेरेको मिति २०८१ असार ५ ।

गिरी, स्वामी रामानन्द (२०५५), *जनक दर्शन,* अनु. रामहरि तिमल्सिना, भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

जोशी, समीर (२०७७), “बुद्ध दर्शन र यसका मान्यताहरू”, https://dineshkhabar.com, हेरेको मिति २०८१ असार ५ ।

निर्दोष, जीवन (२०८१), “*स्व*भित्र आफैलाई खोज्दा भेटिन्छ जीवन”, *कायाकैरन डट कम,* https://www.kayakairan.com, हेरेको मिति २०८१ असार ७ ।

पाण्डे, नरनाथ (२०८१), “बुद्ध र बौद्धदर्शनको सारतत्व”, https://www.onlinekhabar.com,
हेरेको मिति २०८१ असार ५ ।

पोखेल, शुभाषचन्द्र (२०८१), “स्व आफैं निर्माण हुन्छ या त्यसमा समाजको भूमिका रहन्छ ?”, *उकालो,* https://www.ukaalo.com, हेरेको मिति २०८१ असार २९ ।

प्रतीक्षा, सरस्वती (२०८१), *स्व,* काठमाडौँ : बुकहिल पब्लिकेसन प्रा.लि. ।

प्रभात, रमेश (२०८१), “*तथागत* र *स्व* कति आख्यान कति बुद्धदर्शन ?” साहित्यपोस्ट, https://www.sahityapost.com, हेरेको मिति २०८१ असार २६ ।

विराट, अनुपम (२०८१), “सरस्वती प्रतीक्षाको स्वः बौद्धदर्शनको आकर्षण आख्यानीकरण”, नेपालप्रेस, https://www.nepalpress.com, हेरेको मिति २०८१ असार ९ ।

सञ्जेल, गोपाल (२०८१), “सरस्वती प्रतीक्षाको *स्व* उपन्यास”, *सौर्य अनलाइन,* https://www.souryaonline.com, हेरेको मिति २०८१ असार १६ ।